**Prithvi Wangmaya**
(A Peer-Reviewed & NepJOL Indexed Journal)
Vol. 15, 2025 (Print ISSN: 2565-490X)
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal

# रमेश विकलको 'नयाँ सडकको गीत' कथामा सीमान्तीयता
## (Marginality in Ramesh Vikal's Narrative "The Song of New Road")

**विष्णुप्रसाद गजुरेल (Bishnu Prasad Gajurel)**
भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही
(Bhairahawa Multiple Campus, Rupendehi)

**Article History:**
Receved 28 May 2025, Reviewed 23 July 2025, Accepted 27 August 2025
**Corresponding Author:**
Bishnu Prasad Gajurel; Email: bishnu.gajurel@bmc.tu.edu.np
DOI : https://doi.org/10.3126/pw.v15i1.85732

**सार (Abstract)**
प्रस्तुत आलेख कथाकार रमेश विकलद्वारा रचित 'नयाँ सडकको गीत' कथामा प्रयुक्त सीमान्तीयता अध्ययनमा केन्द्रित छ । सीमान्तीयता दोस्रो विश्वयुद्धपछिको विश्वमा मानव समुदायसम्बद्ध हरेक विषयलाई हेर्ने नवीन चिन्तन तथा दृष्टिकोणका रूपमा विकसित सांस्कृतिक अध्ययनको एउटा अवधारणा हो । यसै सिद्धान्तका आधारमा यस लेखमा विकलको कथाको विश्लेषण गरिएको छ । कथामा समाज र राज्यबाट बहिष्करणमा परेको, उपेक्षित र अस्तित्वविहीन जीवन बाँच्ने, नयाँ सडकको फुटपाथमा मागेर जीवनयापन गर्ने दृष्टिविहीन पात्र माग्ने र उसको श्रीमती सानीका कष्टपूर्ण जीवन भोगाइलाई प्रस्तुत गरिएको छ । सीमान्तीय अध्ययनका सैद्धान्तिक पर्याधार, पुस्तकालयीय कार्यमा आधारित भई प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग, गुणात्मक र पाठविश्लेषणात्मक अनुसन्धान पद्धतिको प्रयोग गरी यस लेखलाई पूर्णता दिइएको छ । मूलतः सीमान्तीय पक्षहरूमा वर्गीय/आर्थिक आधार, लैङ्गिक आधार, सांस्कृतिक आधार, सीमान्त वर्गको स्थान अर्थात् प्रतिरोधको अवस्था र सीमान्त वर्गप्रति लेखकीय दृष्टिकोण जस्ता अभिलक्षणहरूको आधारमा कथाको निरूपण गर्नु यस अध्ययनको मूल उद्देश्य वा समस्या हो । अनुसन्धानबाट प्रस्तुत कथाका पात्रहरू आवाजविहीन र निरीह देखिन्छन् । यी पात्रहरू वर्षौंदेखि राज्यपक्षबाट उपेक्षित र शोषित छन् । उनीहरूको उद्धारका लागि सम्बन्धित पक्ष

*Copyright 2025 © The auther/s. This work is licensed under a* Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

जिम्मेवार बन्न सकेको छैन । कथाको प्रमुख सीमान्तीय पात्र माग्नेले अप्रत्यक्ष रूपमा प्रभुत्वशालीवर्गसँग प्रतिरोध गरेको छ । (The present paper focuses on the study of marginality in Ramesh Vikal's "The Song of New Road". Marginality is a concept to study every aspect of human society which was developed after the second world war. Against this backdrop, this paper has analyzed Vikal's narrative. The narrative has depicted the life experiences of a blind beggar and his wife named Sani who have marginalized from the society and state, and lived the lives of ignored and non-existent, begging on the footpath of New Road. The study has adopted qualitative and textual-analysis methods, using the theoretical framework of marginality theory and primary and secondary sources based on the library research. The main objective of the study is to formulate the dimensions of marginality such as class, economy, gender, culture and resistance, and the perspective of the author. In this study, the characters of the narrative are depicted as voiceless and helpless. They are neglected and exploited by the state for years. To protect them, the concerned authorities are not responsible. Overall, the beggar has indirectly resisted the dominant group.)

**शब्दकुञ्जी** (Keywords): प्रतिनिधित्व, प्रभुत्वशाली, लैङ्गिक, सीमान्तकृत (Representation, dominant, femininity, marginalized)

## विषयपरिचय

आधुनिक नेपाली आख्यान साहित्यमा रमेश विकल (१९८५-२०६५) को विशिष्ट स्थान रहेको छ । २००६ सालको ‘शारदा’ पत्रिकामा ‘गरिब’ कथा प्रकाशन गरेर नेपाली साहित्यमा प्रवेश गरेका विकलले कथा, उपन्यास, नाटक, एकाङ्की, निबन्ध र वालसाहित्यमा समेत उल्लेख्य योगदान गरेका छन् । उनलाई सर्वाधिक सफलता भने आख्यानका क्षेत्रमा प्राप्त भएको छ । उनका *बिरानो देशमा* (२०१६), *नयाँ सडकको गीत* (२०१९), *आज फेरि अर्को तन्ना फेरिन्छ* (२०२४), *एउटा बूढो भ्वाइलेन आशाबारीको धुनमा* (२०२५), *उर्मिला भाउजू* (२०३५), *शव शालिक र सहस्र बुद्ध* (२०४३) र *हराएका कथाहरू* (२०५५) जस्ता सात ओटा कथासङ्ग्रहहरू प्रकाशित गरी नेपाली कथाका क्षेत्रमा ऐतिहासिक योगदान गरेका छन् । मान्छेका स्वार्थी र निज प्रवृत्तिलाई उदाङ्गो पार्ने कथाकार विकलका कथामा समाजमा विद्यमान आर्थिक असमानता, सामाजिक भेदभाव र वर्गीय वैषम्यताको सशक्त चित्रण पाइन्छ ।

प्रस्तुत अनुसन्धानमूलक लेख रमेश विकलको ‘नयाँ सडकको गीत’ कथामा सीमान्तीयता विषयसँग सम्बद्ध छ । प्रस्तुत कथा *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सङ्गृहीत छ । उनका कथाहरूमा समाजमा विद्यमान उच्च र निम्न वर्गका बिचको द्वन्द्वका माध्यमबाट सवाल्टर्न वर्गका जीवनका जटिलताहरू अभिव्यक्त गरिएका छन् । समाजका दर्दनाक यथार्थहरूलाई विचारको सहयोगमा मार्मिक ढङ्गले कथासूत्रमा उनेर अभिव्यक्त गर्नु विकलको कथा लेखनको विशेष सामर्थ्य छ । सीमान्त समुदायको पीडादायी

जीवनपद्धतिमा आधारित 'नयाँ सडकको गीत' रमेश विकलको महत्त्वपूर्ण कथात्मक कृति हो । सामाजिक यथार्थवाद र आलोचनात्मक यथार्थवादमा केन्द्रित रहेर प्रगतिशील दृष्टिकोणका साथ कथा सिर्जना गर्ने कथाकार विकलको यस कथामा मूलतः समाजका अशक्त र अपाङ्ग वर्गप्रति हुने शोषण र दमनका विरुद्धको विद्रोहचेतमा आधारित छ । यस कथाको परिवेश काठमाडौँको नयाँ सडक र त्यस सडकको पेटीमा मागेर जीविकोपार्जन गर्ने समाजबाट उपेक्षित दृष्टिविहीन पात्रको कारुणिक र समस्याग्रस्त जीवनपद्धतिको चित्रण गरिएको छ । ऊ र उसको जीवनसङ्गिनी सानीमाथि प्रहरी तथा गुन्डाहरूले गरेका अमानवीय क्रियाकलापहरू सीमान्तीय चिन्तनसँग सम्बन्धित छन् ।

सीमान्तीयता अध्ययन सांस्कृतिक अध्ययनको एक नवीन सैद्धान्तिक अवधारणा हो । यस शब्दले सदियौँदेखि प्रभुत्वशाली वर्गबाट शासित, सीमान्तकृत र आवाजविहीन समूहलाई जनाउँछ । पछिल्लो समय नेपाली साहित्य समालोचनाको क्षेत्रमा कृति विश्लेषणको छुट्टै सिद्धान्त वा अवधारणाको रूपमा सीमान्तीय अध्ययन विकसित भएको छ । यहाँ नेपाली कथामा सीमान्तीयताका दृष्टिकोणबाट भएका केही अध्ययनहरू उल्लेख गरिएको छ । त्यस्ता अध्ययनहरूमा खत्री (२०७७) ले *डा. राजेन्द्र विमलका कथाहरू र समयका आँखा* कथासङ्ग्रहमा सङ्गृहीत छत्तीसवटा कथाहरूलाई वर्गीय सीमान्तीयता, लैङ्गिक सीमान्तीयता, सीमान्त वर्गको आवाज र प्रतिरोध चेतनाका आधारमा अध्ययन गरेकी छन् भने डङ्गोल (२०७७) ले गोठालेका *प्रेम र मृत्यु, कथासङ्ग्रह, कथैकथा र बाह्रकथा*मा सङ्गृहीत बाह्रवटा कथाहरूलाई सीमान्तीय प्रतिनिधित्व र पहिचान, प्रभुत्व र अधीनस्थताको स्थिति र सीमान्तहरूको भूमिका, सीमान्त वर्गको आवाज र प्रतिरोध चेतनाका आधारमा अध्ययन गरेकी छन् । त्यसैगरी राई (२०७८) ले खगेन्द्र सङ्ग्रौलाका *कुन्साङ काका भाग १* र *कुन्साङ काका भाग २* मा सङ्गृहीत बाह्रवटा कथाहरूलाई सीमान्त समुदायको प्रतिनिधित्व र पहिचानको अवस्था र सीमान्तीयताको प्रक्रिया र सीमान्त समुदायको आवाज र प्रतिरोध चेतनाका आधारमा अध्ययन गरेका छन् । जोशी (सन् २०२१) ले *खुटियाको काख कथामा सीमान्तीयता* शीर्षको अध्ययन वर्गीय, लैङ्गिक, सांस्कृतिका आधारमा गरेका छन् भने शाहीले *कदमलाल तमताको गीत कथामा सीमान्तीयता* शीर्षकको अध्ययन वर्गीय र जातीय आधारमा गरेका छन् । खनाल (२०७९) ले *मधेसतिर कथामा सीमान्तीयताको अध्ययन* पात्रगत, परिवेशगत, विचारधारात्मक र भाषागत लेखनका आधारमा गरेकी छन् भने बरई (२०८१) ले *एक पैसा कथामा सीमान्तीयताको अध्ययन* सीमान्त पात्र पहिचानका लैङ्गिकता, जातीयता, वर्गीयता, पारिवारिक, सामाजिक र आर्थिक अवस्थाका आधारमा र सीमान्त पात्रको प्रतिनिधित्वका अभिलक्षणहरूका आधारमा गरेका छन् । यसरी राजेन्द्र विमल, गोविन्दबहादुर मल्ल गोठाले, खगेन्द्र सङ्ग्रौला, रामलाल जोशी, ऋषिराज बराल, विश्वेश्वरप्रसाद कोइराला र भवानी भिक्षुका कथाहरूलाई सीमान्तीय अध्ययनका विभिन्न आधारहरूबाट अध्ययन गरिएको पाइन्छ ।

उपर्युक्त पूर्वअध्ययनहरूलाई हेर्दा कथाकार रमेश विकलको विवेच्य कथा 'नयाँ सडकको गीत' लाई नेपाली समालोचनाका क्षेत्रमा स्थापित सीमान्तीय अध्ययनका आधारबाट अध्ययन भएको देखिँदैन । निम्नवर्गीय पात्रहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाको चित्रण गरिएका विकलका कथाहरू सीमान्तीय

अध्ययनका दृष्टिले विश्लेषणीय छन् तापनि हालसम्म यस अध्ययनका कोणबाट अध्ययन नभएकाले यही प्राज्ञिक रिक्तताको परिपूर्तिका लागि प्रस्तुत अध्ययन गरिएको हो । प्रस्तुत लेखमा ‘नयाँ सडकको गीत’ कथामा सीमान्तीयताको प्रतिनिधित्वको अवस्था केकस्तो रहेको छ ? भन्ने समस्यामा केन्द्रित भई सीमान्तीयताका वर्गीय ⁄ आर्थिक आधार, लैङ्गिक आधार, सांस्कृतिक आधार, सीमान्त वर्गको स्थान अर्थात् प्रतिरोधको अवस्था र सीमान्त वर्गप्रति लेखकीय दृष्टिकोण जस्ता अभिलक्षणहरूको आधारमा मूल्याङ्कन गर्नुलाई उद्देश्यका रूपमा प्रस्तुत गरिएको छ । सीमान्त समुदायसँग सम्बद्ध विषयवस्तुको केन्द्रीयतामा कृतिको गहन ढङ्गले अध्ययन गर्न चाहने अध्येताका लागि प्रस्तुत लेखले तथ्यपूर्ण जानकारी दिने भएकाले यस लेख औचित्यपूर्ण देखिन्छ । रमेश विकलको ‘नयाँ सडकको गीत’ कथालाई सीमान्तीय अध्ययनका वर्गीय ⁄ आर्थिक आधार, लैङ्गिक आधार, सांस्कृतिक आधार, सीमान्त वर्गको स्थान अर्थात् प्रतिरोधको अवस्था र सीमान्त वर्गप्रति लेखकीय दृष्टिकोण जस्ता आधारमा मात्र अध्ययन गर्नु र अन्य पक्षको अध्ययन नगरिनुलाई यस लेखको सीमा मानिएको छ । तसर्थ सीमान्तीय अध्ययनका उपर्युक्त मानकका केन्द्रीयतामा प्रस्तुत कृतिको मूल्याङ्कन गर्ने कार्य यस लेखमा गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखलाई पूर्णता प्रदान गर्नका निम्ति अवलम्बित अध्ययनविधिलाई तलका उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

### *सामग्रीसङ्कलन*

प्रस्तुत ‘नयाँ सडकको गीत’ कथामा सीमान्तीयताको अध्ययन गर्नका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसअन्तर्गत प्राथमिक र द्वितीयक स्रोतहरू रहेका छन् । विकलद्वारा रचित ‘नयाँ सडकको गीत’ कथालाई प्राथमिक स्रोत सामग्रीका रूपमा र सीमान्तीयताको विश्लेषणका निम्ति आवश्यक पर्ने सैद्धान्तिक र प्रायोगिक सामग्रीलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

### *विश्लेषण विधि*

साहित्यमा सीमान्तीयताको अध्ययन नवीन अवधारणा हो । प्रस्तुत लेखमा सीमान्तीयताको आधारमा ‘नयाँ सडकको गीत’ कथाको विश्लेषण गरिएकाले सीमान्तीयताको अवधारणालाई नै विश्लेषणको प्रमुख आधार मानिएको छ । प्रस्तुत अनुसन्धानमा उठेका शोध्य समस्याको तथ्यपूर्ण, वस्तुनिष्ठ र प्रामाणिक समाधान गुणात्मक अनुसन्धान विधिमा गरिएको छ । सीमान्तीयताको अवधारणाअन्तर्गत पर्ने वर्गीय ⁄ आर्थिक आधार, लैङ्गिक आधार, सांस्कृतिक आधार, सीमान्त वर्गको स्थान अर्थात् प्रतिरोधको अवस्था र सीमान्त वर्गप्रति लेखकीय दृष्टिकोणलाई मूल आधारका रूपमा लिई पाठबाट तथ्य, साक्ष्य र उद्धरण खोजी तिनको व्याख्याविश्लेषण गरी यस लेखलाई पूर्णता दिइएको छ ।

### *सैद्धान्तिक पर्याधार*

प्रस्तुत ‘नयाँ सडकको गीत’ कथामा सीमान्तीयताको अध्ययनका लागि सांस्कृतिक अध्ययनको सिद्धान्तलाई मुख्य आधार बनाइएको छ । अङ्ग्रेजी ‘सबाल्टर्न’ को नेपाली रूपान्तरण नै

'सीमान्तीयता' हो । सबाल्टर्न शब्दले निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेका श्रमिक, सर्वहारा र उत्पीडित वर्ग/व्यक्ति/समूहलाई बुझाउँछ ( शर्मा, सन् २०१९-२०, पृ. ३३) । सीमान्तीय शब्दलाई मोहनराज शर्माले 'अवरजन' भनेका छन् । जसलाई उनले तिरस्कृत पात्र वा भुँइमान्छेका रूपमा अर्थ्याएका छन् । अहिले नेपाली साहित्यमा भने सबाल्टर्न र अवरजनजस्ता शब्दभन्दा सीमान्तीयताको प्रयोग नै बढी हुने गरेको छ । यस शब्दले सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक आदि विभिन्न दृष्टिकोणले पछाडि पारिएका दलित, जनजाति, मधेसी, निमुखा, अतिविपन्न वर्गलाई बुझाउने गरेको पाइन्छ । यो उत्तरआधुनिकतावादी बहुलताभित्र फस्टाउँदै गएको एक नवीन चिन्तन हो । सीमान्तीयताको बीज कार्ल मार्क्सको वर्गद्वन्द्व वा वर्गसङ्घर्षमा पाइए तापनि 'सबाल्टर्न' शब्दको प्रथम प्रयोग इटालीका नवमार्क्सवादी तथा सांस्कृतिक विश्लेषक आन्तोनियो ग्राम्सी (१८९१-१९३८) ले गरेका हुन् । ग्राम्सीका सीमान्तीयता विषयक अवधारणाहरू उनको मृत्यु पश्चात् प्रकाशित प्रसिद्ध पुस्तक *प्रिजन नोटबुक्स* (१९७३) मा रहेका छन् । सीमान्तीयतासम्बन्धी अवधारणा निर्माण गर्दा मार्क्सवादी चिन्तक ग्राम्सीले सम्पूर्ण सर्वहाराका अर्थमा 'सबाल्टर्न' शब्दको प्रयोग गरेका हुन् । इतिहासका प्राध्यापक तथा वाम बुद्धिजीवी रञ्जित गुहाको नेतृत्वमा रहेको भारतीय इतिहासकारहरूको समूहले यस शब्दलाई जाति, वर्ण, धर्म, हैसियत, शारीरिक अवस्था, उमेर, वर्ग र भाषिक आधारमा व्यक्तिहरूको समूहलाई चिनाउनका लागि प्रयोग गऱ्यो (राई, २०७८, पृ. १६) । सबाल्टर्नले सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, भौगोलिक, लैङ्गिक, पेशा जस्ता हरेक हिसाबले तल पारिएका/परेका 'तल्लो वर्ग' समूहलाई जनाउँछ (श्रेष्ठ, २०६८, पृ. १६) । वास्तवमा सबाल्टर्न अध्ययन इतिहासलाई तलबाट हेरिनुपर्छ, अर्थात् सबाल्टर्न वर्गको योगदान तथा कथा-व्यथालाई समेटेर इतिहासको पुनर्लेखन हुनुपर्छ भन्ने मान्यताको एउटा प्राज्ञिक अभियान हो (श्रेष्ठ, २०६८, पृ. २७) । ग्राम्सीद्वारा प्रतिपादित सिद्धान्तको गहिरो प्रभाव युरोप र दक्षिण एसियामा पऱ्यो । यस प्रभावका कारण दक्षिण एसियाका विशेषतः भारतमा मार्क्सेली इतिहासकारहरूको समूहले सन् १९८२ मा सबाल्टर्न स्टडिज ग्रुपको स्थापना गऱ्यो । यस समूहले इतिहासलेखन तल वा मुनिबाट सुरु गर्नुपर्ने, दबाइएका वा दमितहरूको आवाज खोज्दै इतिहास पुनर्लेखन गर्नुपर्ने अभियान सुरु गऱ्यो । यस समूहमा एडवर्ड सइद र गायत्री चक्रवर्ती स्पिभाक समेत संलग्न भएपछि यसले अझ बिस्तार हुने अवसर प्राप्त गऱ्यो र यो ल्याटिन अमेरिकाका साथै अफ्रिकाली, अरबेली र केही पश्चिमी मुलुकहरूमा फैँजिन पुग्यो (खत्री, २०७७, पृ. ११) । यसरी सबाल्टर्न अध्ययन इतिहासको पुनर्लेखन र सबाल्टर्नको इतिहासको खोजी र लेखन गर्ने उद्देश्यका साथ आएको हो । यो अभियान क्रमशः इतिहासबाट राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र र साहित्यिक अध्ययनसँग सम्बन्ध गाँस्न आइपुगेको देखिन्छ ।

साहित्यमा स्रष्टा, समाज र संस्कृति बिच अन्तर्सम्बन्ध स्थापित भएर कुनै पनि कृतिको जन्म हुने भएकाले सबाल्टर्नको प्रतिनिधित्व इतिहासमा भन्दा साहित्यमा प्रखर रूपले हुन्छ । इतिहासकेन्द्री लेखनका माध्यमबाट गति प्राप्त गरेको सीमान्तीय अध्ययनलाई साहित्यिक मोड दिने काम सर्वप्रथम गायत्री चक्रवर्ती स्पिभाकले लिटरेरी रिप्रिजेन्टेसन अफ् दि सबाल्टर्न र क्यान सबाल्र्टन स्पिक ? लेखका माध्यमबाट गरेकी हुन् (बरई, २०८१, पृ. ५१-५२) । त्यसपछि जुली स्टेफेन, कमला

विश्वराज, तेजस्वनी निरस्वनी निरञ्जनको पनि महत्त्वपूर्ण योगदान रहेको छ ।

दमितहरूको आवाज मुखरित गर्नुपर्ने अपरिहार्यतालाई आत्मसात् गरी सीमान्तीय अध्ययन अभियानको जन्म भएको हो । यसले भूगोल, धर्म, जाति, लिङ्ग, वर्गका आधारमा सीमान्तकृत समुदायको प्रतिनिधित्व कसरी गरिएको छ भन्ने आधारमा कृतिको अध्ययन गर्दछ (राई, २०७८, पृ. १६) । सामाजिक संरचनाभित्र रहेको प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्ग बिचको विभिन्न विभेदकारी व्यवहारलाई कुनै पनि कृतिमा सीमान्तीयताको दृष्टिकोणबाट विश्लेषण गर्नु सीमान्तयता सिद्धान्तको मुख्य अभीष्ट हो । सीमान्तीय अध्ययनले सीमान्तीकृतका आवाज तथा दिनचर्या र उत्पीडनलाई विषय बनाउँछ । अध्ययनमा सीमान्तीकृत पात्रको उपस्थिति, त्यस्ता पात्रको सङ्ख्या, प्रतिनिधित्व, पहिचान, कार्यव्यापार, भूमिका तथा चारित्रिक अभिलक्षण लगायत पक्षको खोजी गरिन्छ ( शर्मा, सन् २०१९-२०, पृ. ३३) । सीमान्तीय अध्ययनमा सीमान्त वर्गको स्वाधीनता, स्वतन्त्रता र आवाजको खोजी गरिन्छ । सीमान्तीकृतहरू सङ्गठित हुन नसक्नु र भए पनि उनीहरूका आवाज सम्बन्धित पक्षले नसुन्नु जस्ता सीमान्तीकृतहरूले भोगेका समस्याको समेत यसमा अध्ययन गरिन्छ (शर्मा, सन् २०१९-२०, पृ. ३३) । सीमान्तीकृतहरू बोल्दैनन्, उत्पीडन बिरुद्ध बोल्छन् र विद्रोह गर्छन् भन्ने तीन थरी मत देखिए पनि समग्रमा सीमान्तवादी लेखकले सवाल्टर्नका आवाजलाई उठाउँछन् ( निरौला, सन् २०२३, पृ. १०) । प्रस्तुत आलेख यस्तै सैद्धान्तिक पर्याधारहरूभित्र रही 'नयाँ सडकको गीत' कथामा प्राप्त हुने वर्गीय/आर्थिक आधार, लैङ्गिक आधार, सांस्कृतिक आधार, सीमान्त वर्गको स्थान अर्थात् प्रतिरोधको अवस्था र सीमान्त वर्गप्रति लेखकीय दृष्टिकोण जस्ता सीमान्तीय प्रतिमानहरूका आधारमा अध्ययन गरिएको छ ।

## सामग्रीको विश्लेषण : प्राप्ति र छलफल

सदियौँदेखि इतिहासविहीन भएका वा बनाइएका समाजका किनारामा रहेका आवाजविहीन तथा अधिकारविहीन अधीनस्थ व्यक्ति वा समुदाय नै सीमान्तीय हुन् । विकलको 'नयाँ सडकको गीत' कथामा सीमान्तीयताको निरूपण हुने यस लेखमा सामग्रीको विश्लेषण तलको उपशीर्षकमा भएको छ ।

### *वर्गीय/आर्थिक आधार*

कृतिमा सीमान्तीयताको पहिचान गर्ने आधारहरूमध्ये वर्गीय आधार महत्त्वपूर्ण मानिन्छ । आर्थिक अवस्थाका आधारमा समाजमा उच्च, मध्यम र निम्न वर्ग हुन्छन् । प्राकृतिक रूपमा सबै मानिस समान भए पनि सामाजिक, सांस्कृतिक र आर्थिक कारणले उनीहरू गरिब र धनी हुन्छन् । समाजमा एकाथरी मानिस सत्ता, शक्ति र वर्चस्वका कारण शक्तिशाली हुन्छन् भने अर्काथरी मानिस शोषित र पीडित हुन्छन् अर्थात् उच्च वर्गले निम्न वर्गलाई बल प्रयोग गरेर वा सहमतीय आधारमा शोषण, दमन गर्ने प्रयत्न गरेको पाइन्छ । उसले आफू अनुकूलको सामाजिक संरचना निर्माण गरी आफ्नै प्रभुत्व कायम गर्दछ र निम्न वर्गलाई सीमान्तीकृत बनाउँछ । उच्च वर्गले सीमान्तीकृत वर्गलाई सधैँ स्रोत साधनको प्रयोग गर्ने अवसरबाट बञ्चित गराएर उनीहरूलाई कहिल्यै माथि उठ्न दिँदैन अर्थात् सधैँ सीमान्तीकृत जीवन जीउन बाध्य बनाउँछ । यस्तो अवस्थामा सीमान्तीकृत वर्गले वर्गसङ्घर्षका रूपमा प्रतिरोधी चेतना अभिव्यक्त

गर्दछ । यसरी वर्गीय दृष्टिले निम्न वा सीमान्तीय वर्गको उपस्थिति साहित्यमा खोजी गर्ने काम वर्गीय सीमान्तीयता अध्ययनभित्र पर्दछ ।

‘नयाँ सडकको गीत’ आर्थिक आधारमा सीमान्तीकृत बनेका विपन्न वर्गका पात्रमा माग्ने र सानीले प्रतिनिधित्व गरेका छन् । उनीहरू गरिब, निम्न, शासित र अधीनस्थ वर्गीय भूमिकामा रहेका छन् भने प्रभुत्वशाली पात्रका रूपमा सिपाही र पुलिसले प्रतिनिधित्व गरेका छन् । प्रस्तुत कथाको केन्द्रीय चरित्र माग्नेको आर्थिक अवस्था दयनीय देखिन्छ । आफ्नो परिवारको हेरचाह र संरक्षणमा बस्नुपर्ने माग्ने जीवनयापनका लागि सडकको फुटपाथको पेटीमा बसी भिख माग्न बाध्य छ । कथाकारले पुँजीवादी/सामन्तवादी सामाजिक संरचना र राजनीतिक व्यवस्थामा जटिल र सङ्घर्षपूर्ण जीवन व्यतीत गर्न बाध्य निमुखा, अपाङ्ग, अशक्त चरित्र र उसको जीवन जिउने एषणा र बुभुक्षाबाट प्रेरित सङ्घर्षको यथार्थ पक्षलाई प्रभावकारी रूपमा यसरी चित्रण गरेका छन् -

साक्ष्य १

> नयाँ सडकको ढोकैनेर पेटीमा बिजुलीको खम्बामा अडेसा लागेर बसेको माग्नेको कण्ठबाट फुटेको सङ्गीत थियो त्यो । यसै गरी त्यो बाह्रै महीना घन्किरहन्थ्यो । बाटामा हिंड्ने फाटफुट मानिसहरूमध्ये यदा-कदा कुनै दानबीरले उसको काखैनेर केही चीज फालिदिन्थ्यो -“छिन्ड्रिङङ” तत्कालै माग्नेको कालो र भद्दा अनुहारमा केही चञ्चलता देखिन्थ्यो । ऊ हडबडाएर आफ्ना दुवै हातले आफ्नो चारैतिर जिमीनमा छाम-छाम छुम-छुम गर्थ्यो (विकल, २०३४, पृ. ३७) ।

मानिसहरूको आवतजावत बाक्लै रूपमा हुने काठमाडौँको नयाँ सडकको पेटीमा बसेर केही पैसा पाउने आशमा दृष्टिविहीन पात्र माग्नेले आशीषका भारी वर्षा बर्साउँछ र सोही क्रममा सीमित दयालु मानिसले केही पैसा उसको काखैनेर फालिदिन्छन् । पैसा प्राप्त गरेको खुसियालीमा उसको अनुहारमा चञ्चलता देखिन्छ र ऊ हडबडाउँदै जमिनमा छामछाम छुमछुम गर्दै पैसा टिप्ने जमर्को गर्दछ । उसकी श्रीमती सानीलाई अत्तर किनेर लगाइदिने र वर्षौं पुरानो भइसकेको धोती चोलो फेरिदिने सपना देख्दछ । यसरी उसको सामाजिक र आर्थिक अवस्था अत्यन्त दयनीय देखिन्छ । सडक पेटीमा बसी माग्ने क्रममा राष्ट्र सेवक कर्मचारीहरूबाटै उसले यसरी अनेकौँ मानसिक यातना बेहोर्नु पर्दछ -

साक्ष्य २

> ती जुत्ताका टकटक उसको आफ्नै अगाडि आएर फूर्तिसाथ थामिएको अन्धो तत्कालै चाल पाउँथ्यो । अनि एउटा रूखो कण्ठबाट निस्केको चर्रिंदो सिपाही आवाज उसको कानबाट पसेर मुटुमा घोच्न पुग्दथ्यो, “मोरा काना, माग्ने अक्कल त निकै जान्याछस् । यस्ती चिनियाँ पुतली जस्ती तारो थापिदिए पछि पैसा त निकै बर्सिहाल्ने भयो नि ।”...फेरि तत्कालै त्यो सिपाही अनुहारको मान्छेले सानीतिर हेरेर आँखा झिम्क्याउँदै घीनलाग्दो ठट्टा गरेको छ भन्ने कुरा उसको ब्रह्मले ठम्याइहाल्दथ्यो (पृ. ३९-४०) ।

माथिको गद्यांशमा अधीनस्थ वर्गले बाध्य भएर अभिजात वर्गको सामन्ती व्यवहार सहनुपर्ने बाध्यात्मक अवस्थाको पुष्टि गरेको छ । दैनिक जीवन गुजार्नका लागि सडकको पेटीमा मागेर जीवनयापन गर्ने माग्नेले राष्ट्रसेवक कर्मचारीहरूबाटै अनेक गाली, लाञ्छना खप्नु परेको छ र उसकी श्रीमती सानीले समेत यौनहिंसाको सिकार बन्नु परेको छ । यसरी उसले त्रसित, भयभीत र दीनहीन भावले पैसा मागी आफ्नो जीवन चलाउनु परेको हुँदा ऊ समाजले

उपेक्षा गरेको गरिब, निम्न, शासित र शोषित समुदायको रूपमा चित्रित सीमान्तीय पात्र हो भन्ने स्पष्ट हुन्छ । त्यस्तै ऊ शाषित र शोषित पात्र हो भन्ने दृष्टान्त दिइएको संवादले यसरी प्रस्ट्याउँछ -

साक्ष्य ३

> "एस्सिमा मोरा ! एक्कासी उसको सङ्गीतको अविराम धारालाई बीचमै खण्डित गरेर एउटा रूखो र जर्कटो स्वर उसको कानका पर्दा छिचोलेर भित्र पुग्दथ्यो-"माग्न त अलि गल्ली-कुचा पो बस्नु पर्छ ।" "किन र साहेव ?" -अन्धाको मनमा अनायसै अचम्म र डर पैदा हुन्थ्यो । ऊ आश्चर्यले सोद्धथ्यो । ..."जान्ने भएर नकरा, खुरुक्क उठेर जा, नत्र.....।" भन्ने मानिसको स्वर उग्र हुन्थ्यो । (पृ. ४३)

समाजमा हेपाहा प्रवृत्ति (हेजेमोनी) रहुन्जेल माग्ने र सानी जस्ता सोझा र निमुखा वर्गले शासक वर्गको थिचोमिचो सहन बाध्य हुनुपर्छ भन्ने कुरा माथिको गद्यांशबाट स्पष्ट हुन्छ । राज्यद्वारा विदेशी पाहुनाको आगमनलाई सहज र व्यवस्थित बनाउने प्रयोजनले अर्थात् देशको इज्जत जान्छ भन्ने डरले सडक पेटीमा रहेका अन्धा, अपाङ्ग र माग्नेहरूलाई हटाउने लक्ष्य लिएको हुन्छ र सोही लक्ष्य परिपूर्ति गर्ने उद्देश्यले सिपाहीले माग्नेलाई कुनाकाप्चा पारेर बस्न भनेको छ । यदि त्यसो नगरेमा उसको थाङ्ना-बोटा फालिदिने धम्की पनि दिएको छ । वर्गीय चेतनाको सामान्य आभाष नभएको अन्धोको बाँच्ने आधार श्रमका रूपमा मागेर जीवनयापन गर्नुपर्ने बाध्यात्मक अवस्था, समाज र राष्ट्रले अशक्त, अपाङ्ग र सीमान्तीय पात्रका लागि सामान्य सामाजिक सुरक्षा र संरक्षण गर्न नसकेको परिस्थिति र जीवनयापनकै लागि सङ्घर्ष गरिरहँदा भोग्नुपरेको उत्पीडन र हिंसाको मर्मस्पर्शी र कहालीलाग्दो अवस्था कथामा चित्रण गरिएको छ । प्रस्तुत कथामा पुँजीवादी समाजव्यवस्थाका कारण राज्यका सुरक्षा निकायका प्रतिनिधि नै सीमान्त समुदायप्रति कतिसम्म अनुदार रहेको छ भन्ने कुरा देखाइएको छ । यसरी माग्ने र सानी वर्गीय र आर्थिक आधारमा सीमान्त पात्र हुन् ।

## *लैङ्गिक आधार*

कथामा सीमान्तहरूको पहिचान गर्ने आधारहरूमध्ये लैङ्गिक आधार पनि एक हो । प्रस्तुत कथामा लिङ्गीय सीमान्तीयता सशक्त रूपमा अभिव्यञ्जित भएको पाइन्छ । यस कथामा सीमान्तीय चरित्रका रूपमा प्रस्तुत गरिएको दृष्टिविहीन पात्र माग्ने समाजको अल्पसङ्ख्यक उत्पीडित पात्रको रूपमा विश्लेषित पुरुष पात्र रहेको छ । बाँच्नका लागि मागेर जीवनयापन गर्नुपर्ने अन्धो माग्नेलाई तिरस्कार, हेय र घृणा गर्नुका साथै मान्छेका रूपमा समेत स्वीकार नगर्ने र बाँच्न समेत नदिने प्रवृत्ति कथामा यसरी प्रस्तुत भएको छ -

साक्ष्य १

> "त्यस्ता मोरा बनभालूसँग यस्ती सुनमा कुँदेजस्ती ।" ..."होइन ए काना तैँले कहाँ पाइस् यिनलाई ? ...कि चोरिस् कसैको ?" अर्को आवाज प्रश्न गर्थ्यो । (पृ. ४०)

यसरी माग्ने प्रस्तुत कथाको निम्नवर्गीय, उपेक्षित, दृष्टिविहीन, असक्त, अल्पसङ्ख्यक र आवाजविहीन सीमान्तीय पात्रको रूपमा रहेको छ । पितृसत्तात्मक सामाजिक संरचना विद्यमान रहेको समाजमा प्राय पुरुषले नारीलाई शारीरिक, मानसिक एवम् यौनशोषण गरेको पाइन्छ । प्रस्तुत कथामा सानी लैङ्गिक रूपमा नारी सीमान्त पात्र हो । ऊ नारी भएकै कारण पुरुषहरूले उसमाथि यसरी दुर्व्यवहार गरेका छन् -

साक्ष्य २

> उनीहरू अझ सानीतिर घीनलाग्दा आँखाहरू नचाएर गोठाले शब्दमा घीनलाग्दा ठट्टाको झरी लगाइदिन्थे । त्यो घिनार ठट्टाको दुर्घन्धले त्यहाँको वायु-मण्डल नै कुरूप र घीनलाग्दो पारेर रडाइदिन्थ्यो, "यस्ता मोरा वनभालूसँग यस्ती सुनमा कुँदेजस्ती ।" सानीका गाला लाल, र क्षेभले फुट्लान जस्ता हुन्थे । "होइन ए काना तैले कहा पाइस् यिनलाई ?... कि चोरिस् कसैको ?" (पृ. ४०) । "एक जना मात्र हो र, कस्तो निलौंलाझैं गरेर क्वार्क्वार्ती हेरेका मोराहरू" (पृ. ४१)

यसरी यहाँ एउटा असहाय नारीमाथि पुरुषहरूले कुदृष्टिले हेर्ने र जिस्क्याउने जस्ता प्रवृत्ति पाइन्छन् । प्रस्तुत कथामा एकातिर समाजका रक्षकहरूबाटै सानी सुरक्षित हुन सकिरहेको अवस्था छैन भने अर्कातिर दृष्टिविहीन माग्नेले समेत सानीमाथि आफ्नो पुरुषत्व र हैकम यसरी प्रकट गर्दछ -

साक्ष्य ३

> अनि एक्कासि सानी भएतिर घुमेर अलि तिखो स्वरमा ऊ भन्दथ्यो-"सानी, तैंले पनि उनीहरूसँग आँखा झिम्क्याइस् कि ?" । सानी गोली खाएकी मलेवीझैं छट्पटाएर तिखो स्वरमा प्रतिवाद गर्दथी । "ई...कस्ता असत्ती मान्छे यी त !" "सबै मोरा तँलाई नै हेर्छन्, तँलाई (पृ ४२) ।

यहाँ निस्वार्थ भावले दृष्टिविहीन पतिको सेवा गरिरहेकी सानीमाथि पुरुष भएकै कारण माग्नेले सङ्काका दृष्टिले हेर्ने र धम्क्याउने काम गरेको छ र सानीको मन व्यथित भएको देखिन्छ । यसरी यस कथामा माग्ने परनिर्भर, अधीनस्थ र दृष्टिविहीन सीमान्तीय पुरुष पात्रका रूपमा र सानी लैङ्गिक सीमान्तीय नारी पात्रका रूपमा रहेका छन् ।

## ***सांस्कृतिक आधार***

प्रस्तुत कथामा हिन्दु सांस्कृतिक मूल्य मान्यता प्रतिविम्वित भएको छ । माग्नेद्वारा कसैलाई आशीर्वाद दिँदा र श्राप दिँदा हिन्दू मठमन्दिरहरू बज्रयोगिनी, दक्षिणकाली, मनकामना, लुमणीमाई जस्ता शक्ति पिठहरूलाई पुकारिएको छ । शनिवार मंगलवारका ग्रहदशा र परोपकार गरेमा धर्म हुने जनविश्वास कथामा अभिव्यक्त भएको छ । दीनदु:खीलाई सहयोग गनुपर्छ भन्ने मानवतावादी र सहयोगी भावना एकातिर छ भने अर्कातिर मानवीय मूल्य, मान्यता खस्कदै गएको कुरा कथामा पाइन्छ । नराम्रो वा पाप कर्म गरेमा त्यसको सजायँ यसै लोकमा र यस लोकमा नभए अर्को लोकमा अवश्यै पाइन्छ, ईश्वरले सबै कर्मको लेखाजोखा गरी बसेका छन् भन्ने माग्नेको भनाइले हिन्दु धर्म र दर्शनप्रतिको जनविश्वास रहेको कुरा यसरी स्पष्ट हुन्छ -

साक्ष्य १

> कसको चोर्न जानु साहेब, आफ्नै जहान । अर्काको चोर्न थाले, अर्काकोमा आँखा लाउन थाले त भाँच्छन् मुन्टे ठ्याँगुरो । ...ऐले नभा' नि भगवान्का दरबाराँ' त छ्यानबिचार भैजान्छ । राजाले नदेखेर हुन्छ र, ईश्वरले त सबै देख्याछन् । (पृ. ४०)

माग्नेले सिपाहीसँग अभिव्यक्त गरेको माथिको गद्यांशमा ईश्वर सर्वव्यापी छन्, मानिसले गरेका सम्पूर्ण क्रियाकलापहरूको लेखाजोखा भगवान्ले गरिरहेका हुन्छन्, सोहीअनुसारको दण्ड वा सजायँको व्यवस्था हुन्छ भन्ने मान्यता हिन्दु दर्शनमा पाइन्छ र सो कुरामा माग्ने विश्वस्त छ ।

### *सीमान्त वर्गको प्रतिरोधको अवस्था*

सीमान्त वर्गले शक्तिकेन्द्र वा प्रभुत्वशाली वर्गसँग आफ्नो हक अधिकार प्राप्तिका लागि आवाज उठाउन सक्ने चेतना विकसित गर्न सक्नु नै वास्तवमा प्रतिरोधी चेतना हो अथवा विभेदकारी सामन्ती शक्तिकेन्द्र वा राज्यसत्ताका विरुद्ध जागरुक भएर आफ्नो हकअधिकार वा अवसरको लागि क्रियाशील भएर आवाज उठाउन सक्ने चेतना नै प्रतिरोधी चेतना हो (राई, २०७८, पृ. ८९) । कृतिमा सीमान्तीकृत पात्र आफैँ बोलेको छ कि लेखक समाख्याता बोलेको छ या अरू कोही नै बोलेका छन् भन्ने कुराको अध्ययन यसअन्तर्गत गरिन्छ । प्रस्तुत कथाको प्रमुख पात्र माग्नेले आफ्नी श्रीमती सानीमाथि सिपाही र उसको समूहले गरेका दुर्व्यवहार विरुद्ध खुलेर अप्रत्यक्ष रूपमा यसरी प्रतिरोध गरेको छ -

साक्ष्य १

> "होइन ए काना तैंले कहाँ पाइस् यिनलाई ? ... कि चोरिस् कसैको ?"...उसका ज्योति मरेका आँखामा क्रोध र विवशता छटपटाउँदथ्यो । अनि कसको चोर्न जानु साहेब, आफ्नै जहान । अर्काको चोर्न थाले, अर्काकोमा आँखा लाउन थाले त भाँच्छन् मुन्टे ठ्याँगुरो ।...ऐले नभा' नि भगवान्का दरबाराँ' त छ्यानबिचार भैजान्छ ।" (पृ. ४०)

माग्नेसँग उसको सुन्दर श्रीमती सानीलाई सिपाहीले देखेपछि कहाँबाट लिएर आइस् यिनलाई कि चोरेर ल्याइस भनी माग्नेसँग प्रश्न गर्दा माग्नेले कसैको श्रीमती चोरी गरेमा सजायँ भोग्नु पर्छ, अहिले नभोगे पनि अर्को जन्ममा भोग्नै पर्दछ । ईश्वरले सबै लेखा जोखा गरेर बसेका छन् भनी तिमीहरू पनि सजायँको भागिदार हुनेछौ भनी अप्रत्यक्ष रूपमा चेतावनी दिँदै प्रतिरोध गर्दछ । त्यस्तै सिपाहीका समूह गइसकेपछि माग्नेले सानीलाई तिनीहरूले तँलाई कसरी हेर्दथे भनी प्रश्न गर्न उसले यसरी प्रतिरोध गरेको छ -

साक्ष्य २

> "एकजना मात्रै हो र, कस्तो निलौंलाभ्रैं गरेर क्वार्क्वार्ती हेरेका मोराहरू ।" "मारीसँग औंलाले घोचेर फोरिदिन सकिनस् त ?"...अनि पैसा दिने दातालाई आशीष दिन अघि जति देवी देवतालाई अगि लाएथ्यो सानीमाथि आँखा लाउने गुण्डाहरूलाई श्राप दिन पनि अहिले उत्ति देवी-देउतालाई गुहार्थ्यो । (पृ. ४१)

यसरी माग्नेले सानीमाथि कुदृष्टि लगाई क्वार्क्वार्ती हेर्ने सिपाहीका आँखामा औँलाले घोचेर किन फोरिदिन सकिनस् भनी सानीप्रति आक्रोश पोखेर र तिनीहरूलाई आफूले जाने जतिका देवी-देवतालाई गुहार्दै श्रापका माध्यमबाट प्रतिरोध गरेको छ ।

गायत्री चक्रवर्तीका विचारमा सीमान्तीय वर्ग आफ्नालागि आफैँ बोल्न सक्दैनन् । तसर्थ बौद्धिक वर्गले तिनका लागि बोलिदिनु पर्छ भन्ने उनको मान्यता रहेको छ । त्यसो त सीमान्त समुदाय आफ्ना अनुभूति व्यक्त गर्न नसक्ने त होइन तर तिनका अभिव्यक्तिहरू ज्यादै मसिनो भएकाले नसुनेर आफैँ दबिन्छ (शाही, सन् २०२३, पृ. १०४) । तसर्थ बौद्धिक वर्गले तिनको प्रतिनिधित्व गरिदिनु पर्छ । सीमान्तकृत वर्गहरू आफ्नो हक, अधिकारका लागि राज्यसत्ता वा शक्तिकेन्द्रका विरुद्ध बोल्न सक्दैनन्, कतिपय अवस्थामा उनीहरूलाई आफूमाथि भएको शोषण, अन्याय र अत्याचारको पत्तो पनि हुँदैन । यदि पत्ता पाइहाले पनि प्रभुत्वशाली वर्गसँग जोखिम मोल्न चाहदैनन् । यहाँ पनि माग्नेले प्रभुत्वशाली वर्गसँग जोखिम मोल्न चाहेको छैन र अप्रत्यक्ष रूपमा मात्र प्रतिरोध गरेको छ । सीमान्त वर्गको प्रतिरोध

चेतनाका दृष्टिबाट प्रस्तुत कथा सामान्य रहेको छ ।

## *सीमान्त वर्गप्रति लेखकीय दृष्टिकोण*

कथाकार रमेश विकलद्वारा शारीरिक अशक्तता र अर्थाभावका कारण सीमान्त पात्रहले भोग्न बाध्य पीडा, अभाव र चुनौतिलाई विषयवस्तु बनाई 'नयाँ सडकको गीत' कथाको रचना गरेका छन् । शासक र सत्ताप्रतिको लेखकीय दृष्टिकोण, लेखक सत्ताबाट प्रभावित भएनभएको, लेखक सत्ताबाट शून्य, थोरै वा बढी प्रभावित भएनभएको, लेखक सत्ताको पक्षमा बोले नबोलेको, लेखक सीमान्त वर्ग वा पक्षमा उभिए नउभिएको, लेखकले सीमान्त समुदायको समस्या उठान गरेनगरेका जस्ता पक्षहरूलाई सीमान्तीय अध्ययनमा बढी महत्त्व दिन्छन् (बरई, २०८१, पृ. ६०) ।

कथाकार रमेश विकलले सीमान्तकृत दृष्टिविहीन माग्ने र सानीका कारुणिक र मर्मस्पर्शी जीवनचर्यालाई कथाका रूपमा उठान गरी आफूलाई सीमान्त वर्ग र सीमान्त समुदायको पक्षमा वकालत गर्ने कथाकारका रूपमा आफूलाई उभ्याएका छन् । उनले यस कथाका माध्यमबाट ह्रासोन्मुख मानवीय अवस्थाको चित्रण गरेका छन् । प्रस्तुत कथाका माध्यमबाट कथाकारले एकातिर तत्कालीन शासनव्यवस्था र रक्षकहरू नै भक्षक हुने प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरेका छन् अर्कोतर्फ राज्यले आफ्ना नागरिकहरूका न्यूनतम आवश्यकता परिपूर्ति गर्नुपर्ने दायित्व बोध गराएका छन् । त्यस्तै आमनागरिकलाई मानिसले मानिसलाई मानिसको जस्तो व्यवहार गर्नुपर्ने सन्देश दिएका छन् । यसरी प्रस्तुत कथामा कथाकारले वास्तविक बुद्धिजीविको भूमिका निर्वाह गरेका छन् ।

## **निष्कर्ष**

कथाकार रमेश विकलको 'नयाँ सडकको गीत' सीमान्तकृत पात्रको प्रयोग गरिएको सामाजिक यथार्थवादी कथा हो । प्रस्तुत कथामा वर्गीय/आर्थिक आधार, लैङ्गिक आधार, सांस्कृतिक आधार, सीमान्त वर्गको स्थान अर्थात् प्रतिरोधको अवस्था र सीमान्त वर्गप्रति लेखकीय दृष्टिकोणमा सीमान्तीय प्रवृत्ति पाइन्छ । प्रस्तुत कथाको प्रमुख पात्र माग्नेले आर्थिक सहयोगको याचना गरी भिख मागेर जीवन यापन गर्नु, सडकको पेटीमा नै आफ्नो जीवन बिताउनु र सो कार्यमा उसकी सहधर्मिणी सानीले साथ दिनु जस्ता क्रियाकलापले ती दुवै पात्र गरिब र विपन्न आर्थिक अवस्थाका छन् भन्ने पुष्टि हुन्छ । मागेर जीवन यापन गर्ने क्रममा राष्ट्रसेवक कर्मचारीहरूबाट शारीरिक र मानसिक यातना भोग्नु परेको हुँदा ती दुवै पात्र शासित र शोषित वर्गका पात्र हुन् । दृष्टिविहीन पात्र माग्ने समाजको अल्पसङ्ख्यक उत्पीडित पात्रको रूपमा विश्लेषित पुरुष पात्र हो । श्रमका रूपमा बाँच्नका लागि मागेर जीवनयापन गर्नुपर्ने दृष्टिविहीन पात्र माग्नेलाई तिरस्कार, हेय र घृणा गर्नुका साथै मान्छेका रूपमा समेत स्वीकार नगर्ने र बाँच्न समेत नदिने प्रवृत्ति देखिएकाले ऊ उपेक्षित, असक्त, अल्पसङ्ख्यक, आवाजविहीन, परनिर्भर, अधीनस्थ र दृष्टिविहीन सीमान्तीय पुरुष पात्रका रूपमा रहेका छ भने सिपाही र तिनको समूहबाट यौनजन्य हिंसाको सिकार बन्न पुगेकी र आफ्नै श्रीमान् माग्नेले शङ्काका दृष्टिले हेरिएकीले सानी लैङ्गिक सीमान्तीय नारी पात्रका रूपमा कथामा रहेकी छ । माग्नेले प्रभुत्वशाली वर्गसँग प्रत्यक्ष प्रतिरोध गर्न नसकेको, अप्रत्यक्ष रूपमा मात्र चेतावनी दिएको र प्रतिरोध गरेको हुँदा सीमान्त वर्गको प्रतिरोध चेतनाका दृष्टिबाट प्रस्तुत कथा सामान्य रहेको छ । कथाकार रमेश विकलले

सीमान्तकृत दृष्टिविहीन माग्ने र सानीका कारुणिक र मर्मस्पर्शी जीवनचर्यालाई कथाका रूपमा उठान गरी आफूलाई सीमान्त वर्ग र सीमान्त समुदायको पक्षमा वकालत गर्ने कथाकारका रूपमा आफूलाई उभ्याएका छन् । उनले प्रस्तुत कथाका माध्यमबाट पुँजीवादी समाजव्यवस्थाका कारण राज्यका सुरक्षा निकायका प्रतिनिधि नै सीमान्त समुदायप्रति कतिसम्म अनुदार बन्दा रहेछन् भन्ने कुरा देखाउन खोजेका छन् । सीमान्तीय अध्ययनका दृष्टिकोणबाट प्रस्तुत कथा सशक्त देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


खत्री, लक्ष्मी (२०७७). *राजेन्द्र विमलका कथामा सीमान्तीयता.* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध).त्रिभुवन विश्वविद्यालय ।

खनाल, शारदा (२०७९). 'मधेसतिर कथामा सीमान्तीयता'. *त्रिभुवन जर्नल,* (वर्ष १, अङ्क १) पृ.४२-५० ।

जप्रेल, कटकबहादुर (२०८१). 'उलार उपन्यासमा सीमान्तीयता'. *प्राज्ञिक विमर्श,* (वर्ष ६, अङ्क ११) पृ. ७-१५ ।

जोशी, हरिप्रिया (सन् २०२१). 'खुटियाको काख कथामा सीमान्तीयता'. *प्रवासन,* (वर्ष ५, अङ्क १,

पूर्णाङ्क ९) पृ. ४७-५३ ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पौडेल, हेमनाथ (सम्पा.) (२०६७). *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक* (समालोचना ग्रन्थ).काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान ।

बरई, त्रिभुवन (२०८१). 'एक पैसा कथामा सीमान्तीयता'. *विकासको निम्ति शिक्षा,* (वर्ष २७, अङ्क १) पृ. ४९-६४ । http://dx.doi.org/10.3126/bns.v27i1.66447

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* ललितपुर : साझा प्रकाशन ।

निरौला, केशव (सन् २०२३). *पछबरिया टोल कथामा सीमान्तीयता. प्रवासन,* (वर्ष ६, पूर्णाङ्क १०) पृ. ११३-१२० ।

राई, यसोदा (२०७८). *खगेन्द्र सङ्ग्रौलाका कथामा सीमान्तीयता.* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). त्रिभुवन विश्वविद्यालय ।

विकल, रमेश (२०३४). *नयाँ सडकको गीत.* ( तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

शर्मा, विष्णुप्रसाद (सन् २०१९-२०). 'समकालीन नेपाली कथामा सीमान्तीयता'. *प्रवासन,* (वर्ष ३, अङ्क २, पूर्णाङ्क ६) पृ. ३२-४१ ।

शर्मा, विष्णुप्रसाद (सन् २०२०). 'समकालीन नेपाली कथामा प्रयुक्त सीमान्तीय पात्रको पहिचान, प्रभुत्व र आवाज'. पृथ्वी जर्नल अफ रिसर्च एन्ड इन्नोभेसन, अङ्क २, पृ. ५८-७३ । https://doi.org/10.3126/pjri.v2i0.33436

शर्मा, मोहनराज (२०७२). 'अवरजन अध्ययन र साहित्य'. *भृकुटी* (भाग १९ : सांस्कृतिक अध्ययन विशेषङ्क), पृ. ३१५-३२५ ।

शाही, मीरा (सन् २०२३).'कदमलाल ततमाको गीत कथामा सीमान्तीयता'. *कलादर्पण.* (वर्ष ३, अङ्क १) पृ.९८-१०६ ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा सबाल्टर्न.* काठमाडौ : डिस्कोर्स पब्लिकेसन ।